# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

## संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्याः ०७५।७६
च.नं :

मितिः २०७५।१२।८

श्री प्रमुखज्यू,
बुंगल नगरपालिका,
बझाङ ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट बुंगल नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट लेखापरीक्षणका लागि स्रेस्ता कागजात पेश नगरेको रु.५४ करोड ६५ लाख ७० हजार बेरुजू कायम भएको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता तयार नगरेको र लेखापरीक्षणका लागि पेश नभएकोले यकिन हुन सकेन ।

३. लेखापरीक्षणका लागि श्रेस्ता तथा कागजात उपलब्ध नगराएकोले कोष तथा लेखा नियन्त्रका कार्यालयबाट निकाशा भई गएको रकमलाई लेखापरीक्षण नगराएको अङ्क कायम गरी मिति २०७५।०६।०४ मा लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ । नगरपालिकाको आन्तरिका आय लगायतका सबै आय र खर्चको श्रेस्ता कागजात पेश नभएकोले यकिन हुन सकेको छैन ।

४. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना ५ यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - नगरपालिकाले सञ्चित कोष तथा अन्य हिसावको आय व्यय विवरण तयार नगरेको साथै लेखापरीक्षण समेत नगराएकोले सञ्चित कोष हिसावका सम्वन्धमा राय व्यक्त गर्ने आधार देखिएन ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्ष

# बुंगल नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
# ०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धति सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यास संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उदेश्यले नगरपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वय प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरिय सेवा प्रदान गर्नु नगरपालिकाको उदेश्य रहेको छ । यो नगरपालीका अर्न्तगत ११ वडा रहेको छ ।

कोष तथा लेखा नियन्त्रक कार्यालयले निकाशा खर्च भिडान गरेको आर्थिक विवरणको आधारमा नगरपालिकामा देहाय अनुसारको रकम निकाशा भई गएको देखिन्छ । उक्त रकम नगरपालिकाको मुल खातामा आम्दानी भएको र त्यसबाट चालु खाता तथा पूजीगत खातामा ट्रान्सफर गरी खर्च गरेको देखिने गरी नगरपालिकाले प्रमाणित गरेको आय व्यय विवरण पेश भएको छैन ।

**विनियोजनतर्फ निकाशा देखाएको :**

| सि.नं. | बजेट उपशीर्षक | विवरण | वार्षिक बजेट | निकासा | कैफियत |
|---|---|---|---|---|---|
| १. | ८०१३६२३ | वित्तिय समानिकरण र सर्शत अनुदान | ४४९५७२०००.०० | ४४८८४६०००.०० | स्रेस्ता लेखापरीक्षणका लागि पेश नभएको । |
| २. | ३६५८०५३ | ग्रामिण जलश्रोत चालु | ३९०९०००.०० | ३९०९०००.०० | |
| ३. | ३६५८०५४ | ग्रामिण जलश्रोत पूजीगत | १२९६६०००.०० | १२९६६०००.०० | |
| ४. | ३६५८४५३ | गरिवसंग विश्वेश्वर | ८५८०००.०० | ८५८०००.०० | |
| ५. | ३६५०१५३ | जेष्ठ नागरिक सामाजिक सुरक्षा | ७२६१२०००.०० | ७२६१२०००.०० | |
| ६. | ३६५८१९३ | स्थानीय शासन तथा सामुदमयिक विकास चालु | ९४५०००.०० | ९४५०००.०० | |
| ७. | ३६५८१९४ | स्थानीय शासन तथा सामुदमयिक विकास पूजीगत | ६०००००.०० | ६०००००.०० | |
| ८. | ३६५८१६४ | दुर्गम क्षेत्र विकास कार्यक्रम | ४२२५०००.०० | ४२२५०००.०० | |
| ९. | ३६५८४७३ | बहुक्षेत्रीय पोषण कार्यक्रम | १६०९०००.०० | १६०९०००.०० | |
| | | **जम्मा** | **५४७२९६०००.००** | **५४६५७००००.००** | |

<table>
<tr><th>बेरुजु दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>कारोवारको लेखा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा स्वीकृत ढांचामा राख्नुपर्ने र कोषबाट खर्च रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको १५ दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने व्यवस्था रहेको भएपनि कार्यालयले आर्थिक वर्षका कारोवारको लेखा लेखापरीक्षण अवधि सम्म पनि तयार गरेको छैन । यसबाट कार्यालयको वित्तिय अनुशासन फितलो रहेको देखिएको छ । ऐनको व्यवस्था पालना गरी लेखा अद्यावधिक राख्नुपर्ने सम्बन्धमा सम्बन्धित निकाय र सरोकारवालाको समेत ध्यान जानुपर्ने देखिएको छ ।</td><td></td></tr>
<tr><td>२.</td><td>आय व्यय विवरण : नगरपालिकाले आर्थिक वर्ष २०७४।०७५ को वजेट तथा कार्यक्रमबाट भएको खर्चको विस्तृत विवरण देखिने गरी वैंक नगदी किताव, खर्चको फांटवारी, पेश्की बांकीको विवरण तयार गरिसकेको देखिएन । कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकाशा खर्च भिडान गरी प्रमाणित गरेको आर्थिक विवरण अनुसार नगरपालिकामा विभिन्न ९ शिर्षकमा रु. ५४,६५,७०,०००.०० निकाशा भएको देखिन्छ । उक्त निकाशा रकम नगरपालिकाको मुल खातामा आम्दानी देखाई मुलखाता बाट चालु र पूजीगत खातामा ट्रान्सफर गरी तोकिएको शिर्षक र कार्यक्रममा खर्च भएको छ भन्ने सम्वन्धमा आय व्यय विवरण, वैंक नगदी किताब, वजेट हिसाव साथै आयोजनागत खाता आदि तयार नभएको र लेखापरीक्षणका लागि पेश नभएकोले यकिन हुन सकेको छैन ।</td><td></td></tr>
<tr><td>३.</td><td>स्रेस्ता पेश नभएको : स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ७४ (२) मा कारोवारको लेखा महालेखापरीक्षकबाट स्वीकृत ढांचामा राख्नुपर्ने र दफा ७७ (४) मा कानुन बमोजिम आन्तरिक लेखापरीक्षण गराई महालेखापरीक्षकबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । कार्यालयलाई कोष तथा लेखा नियन्त्रक कार्याललयलबाट देहायका शिर्षकमा निकाशा भई गएको रकम आम्दानी वांधी खर्च समेत देखिने गरी आय व्यय विवरण, वैंक नगदी किताव, सहायक खाता तथा स्रेस्ता कागजात समेत तयार भई नसकेको कारण मिति २०७५।०६।०२ मा लेखापरीक्षण टोलि नगरपालिकामा पुग्दा लेखापरीक्षणका लागि पेश नभएकोले सोही मितिको वेरुजु छलफल माइन्यूटमा उल्लेख भए अनुसारको देहायका ९ शिर्षकको जम्मा निकाशा भई आएको रु. ५४,६५,७०,०००.०० को लेखापरीक्षण भएको छैन । स्रेस्ता कागजात तयार गरी लेखापरीक्षण नहुदा वित्तिय अनुशासनमा प्रभाव परेको देखिएको छ । यस्तो अवस्थामा सुधार गर्ने तर्फ नगरपालिकाको ध्यान जानुपर्ने देखिएको छ ।
<table>
<tr><th>क्र. स.</th><th>निकाशा । खर्च शिर्षक</th><th>निकाशा (रु)</th></tr>
<tr><td>१</td><td>वित्तिय समानिकरण र सर्शत अनुदान</td><td>४४८८४६०००.००</td></tr>
<tr><td>२</td><td>ग्रामिण जलश्रोत चालु</td><td>३९०९०००.००</td></tr>
<tr><td>३</td><td>ग्रामिण जलश्रोत पूजीगत</td><td>१२९६६०००.००</td></tr>
<tr><td>४</td><td>गरिवसंग विश्वेश्वर</td><td>८५८०००.००</td></tr>
<tr><td>५</td><td>जेष्ठ नागरिक सामाजिक सुरक्षा</td><td>७२६१२०००.००</td></tr>
<tr><td>६</td><td>स्थानीय शासन तथा सामुदमयिक विकास चालु</td><td>९४५०००.००</td></tr>
<tr><td>७</td><td>स्थानीय शासन तथा सामुदमयिक विकास पूजीगत</td><td>६०००००.००</td></tr>
<tr><td>८</td><td>दुर्गम क्षेत्र विकास कार्यक्रम</td><td>४२२५०००.००</td></tr>
<tr><td>९</td><td>बहुक्षेत्रीय पोषण कार्यक्रम</td><td>१६०९०००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५४६५७००००.००</td></tr>
</table></td><td>५४,६५,७०,०००.००</td></tr>
<tr><td>४.</td><td>रसिद नियन्त्रण खाता : आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६ मा अन्तिम लेखापरीक्षण हुदा सरकारी नगदीको लगत कार्यालय प्रमुखले अद्यावधिक गर्न लगाउने तथा हानी नोक्सानी हुन गएको भए अशुल उपर गराउनुपर्ने व्यवस्था रहेको छ । त्यस्तै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १० मा राजस्व आम्दानीको लेखा महालेखापरीक्षकको कार्यालयबाट तोकिएको ढांचामा अद्यावधिक गरी राख्नुपर्ने र लेखा संग</td><td></td></tr>
</table>

भिडान हुने प्रमाण कागजात सिलसिलेवार रुपमा राख्नुपर्ने उल्लेख छ । कार्यालयले श्रेष्ता तथा कागजात पेश नगरेको तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा नगरपालिकाको आन्तरिक आयको अभिलेख नहुने हुँदा रसिदबाट भएको आम्दानी र दाखिलाको अवस्थाका सम्वन्धमा जानकारी प्राप्त हुन सकेन ।

५. **योजना व्यवस्थापन :** वार्षिक नगरपालिका विकास योजना २०७४।७५ को अध्ययन गर्दा नगरपालीकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून वजेट भएका र छरिएका देखिएको छ । नगरपालिकाले देहाय अनुसार भौतिक पूर्वाधार, प्रवर्धनात्मक कार्यक्रम, नगरपालिका अनुदान र नगर क्षेत्र पूर्वाधार कार्यक्रममा समेत गरी रु. ५४,६५,७० हजारको निर्माण योजना र कार्यक्रम स्वीकृत गरेको देखिन्छ । यस्ता योजना मध्ये रु. १ लाख भन्दा साना योजना ४६० वटा, १ देखि २ लाख सम्मका योजना २२१ वटा, २ देखि ३ लाख सम्मका योजना ७८ वटा, ३ देखि ४ लाख सम्मका योजना ३२ वटा, ४ देखि ५ लाख सम्मका योजना २२ बटा, ५ देखि १० लाख सम्मका योजना ३६ वटा, १० लाख भन्दा माथिका योजना २० वटा र ५० लाख भन्दा माथिका योजना ३ वटा समेत गरी ८७२ वटा योजना सञ्चालन गरेको देखिएको छ । निर्माण कार्य सम्झौता आर्थिक वर्षको अन्तसम्ममा पनि भइरहने अवस्था देखिदा निर्माण कार्य व्यवस्थापन आर्थिक कार्यविधि नियमावली, २०६४ अनुरुप प्रथम चौमासिकमा नभई आषाढसम्म पनि भइरहने अवस्था देखिएको छ । यस सम्बन्धमा नगरपालिकाको ध्यान जानुपर्ने देखिएको छ ।

| विवरण | न.पा. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ लाख सम्मका | ४८ | ५० | १३ | ३७ | ४५ | ७३ | २३ | ३३ | ४२ | ५६ | २३ | २७ | ४६० |
| १ देखि २ लाख सम्मका | ३२ | १८ | २६ | १९ | ११ | १८ | २२ | ९ | १६ | १२ | १९ | १९ | २२१ |
| २ देखि ३ लाख सम्मका | ११ | ५ | ११ | ६ | ३ | ५ | ११ | ५ | १ | ५ | ५ | १० | ७८ |
| ३ देखि ४ लाख सम्मका | ६ | २ | ४ | १ | २ | ० | ७ | ३ | २ | ३ | १ | १ | ३२ |
| ४ देखि ५ लाख सम्मका | ० | २ | २ | १ | ७ | ० | २ | ० | ५ | १ | १ | १ | २२ |
| ५ देखि १० लाख सम्मका | ९ | ३ | १ | ० | २ | ३ | ० | ५ | ३ | ३ | ४ | ३ | ३६ |
| १० लाख भन्दा बढिका | ९ | १ | २ | २ | १ | ० | ० | ० | १ | २ | १ | १ | २० |
| **कुल जम्मा** | **११८** | **८१** | **५९** | **६६** | **७१** | **८९** | **६५** | **५५** | **७०** | **८२** | **५४** | **६२** | **८७२** |

स्वीकृत योजनाको अध्ययन गर्दा डोजर खरिद गर्न रु. १ करोड २५ लाख, पाइप तथा जाली खरिद गर्न रु. १ करोड, प्रविधिक विद्यालय स्थापना गर्न रु. २२ लाख लगायतका ठुला कार्यक्रम समावेश भएको देखिन्छ । ती कार्यक्रममा के कस्तो विधि तथा प्रक्रिया पुरा गरी खर्च भएको छ र प्रगतिको अवस्था कस्तो छ भन्ने सम्वन्धमा समेत कुनै तथ्याङ्क तथा स्रेस्ता कागजात पेश भएको छैन । माथि उल्लेखित लगायत सवै योजनाको सहि प्रक्रियावाट कार्यान्वयन भएको सम्वन्धमा लेखापरीक्षण समेत गराई नगरपालिकाले यकिन र फरफारका गर्नुपर्ने देखिन्छ ।

६. **वित्तिय जवाफदेहिता :** महालेखापरीक्षकको कार्यालयले स्वीकृत गरेको वित्तिय जवाफदेहिता मुल्याङ्कन सम्वन्धि अनुसूची ११ मा उल्लेखित ४ सूचकहरुको आधारमा विश्लेषण गर्दा यस कार्यालयको वित्तिय जवाफदेहिता मुल्याङ्कनको स्तर सामान्य ( डि ग्रेड) रहेको देखिएको छ ।

७. **बेरुजू -** पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष लेखापरीक्षण नगराएकोले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकाशा गएको अङ्कको आधारमा मात्र लेखापरीक्षण नगराएको भनि रु. ५४ करोड ६५ लाख ७० हजार बेरुजु कायम भएकोमा प्रतिक्रियाबाट/समायोजन भएको छैन । निकाशा भई गएको बाहेका सोझै प्राप्त गरेको रकम तथा आन्तरिका आयबाट प्राप्त रकमका सम्वन्धमा बेरुजु अंकमा समावेश भएको छैन । उक्त रकम यकिन गरी समावेश गर्दा बेरुजु अझ बढ्ने देखिन्छ ।

८. **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । गत वर्षको बक्यौता रहेकोले बेरुजु कायम भएको छैन ।

९. **अद्यावधिक बेरुजू स्थिति :** नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) © | यो वर्षको सं प.बाट कायम बेरुजू रु. (D) | यो वर्षको कायम बेरुजू रु. (E) | बाँकी (F=C+D+E) |
|---|---|---|---|
| ० | - | ५४,६५,७०,०००.०० | ५४,६५,७०,०००.०० |

**अनुसूची– १७**

# स्थानीय तहतर्फको यो वर्षको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## संघीय मामिला तथा सामान्य प्रशासन लेखापरीक्षण निर्देशनालय

## आर्थिक वर्ष २०७४।७५

**(रु.हजारमा)**

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | रकम | सैदान्तिक | लगती | रकम | सैदान्तिक | लगती | रकम | अशुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | बझाङ | बुंगल नगरपालिका | ५ | १ | ५४६५७० | ० | ० | ० | ५ | १ | ५भ+०५ | ० | ० | ५४६५७० | ० | ० | ५४६५७० | ० | ० | ० |

**अनुसूची- १**

# स्थानीय तह सञ्चित कोष विवरण

## आर्थिक वर्ष २०७४।७५

**प्रदेश नम्बर :- ....**

**(रु.हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५+९) |
| १ | बुंगल नगरपालिका | | ० | ४४८८४६ | ० | ९७७२४ | ५४६५७० | २७३२८५ | २७३२८५ | ० | ५४६५७० | ० |